"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, संस्कृति र पूर्वाधार : आत्मनिर्भर, समुन्नत र समृद्ध भंगहा निर्माणको आधार"

# भंगहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या:- ०८०/८१ | भंगहा, महोत्तरी । | मधेश प्रदेश, नेपाल ।

चलानी नं.:- २४९

मिति:- २०८०/०६/२६

श्री वडा कार्यालय सबै,
भंगहा न.पा.महोत्तरी ।

विषय :- उपभोक्ता समिति गठन सम्बन्धमा ।

प्रस्तुत विषयमा यस भंगहा नगरपालिकाको आ.व. २०८०/८१ का लागि स्वीकृत बार्षिक योजना तथा कार्यक्रमहरु अन्तर्गत तहाँ वडामा कार्यन्वयन गरीने वडास्तरीय योजना तथा कार्यक्रमहरु उपभोक्ता समिति मार्फत संचालन गर्ने भए तपसिल बमोजिम उपभोक्ता समिति गठन गरी २०८० पुष २५गते भित्र पठाइदिनु हुन अनुरोध गरिन्छ ।

तपसिल

१. उपभोक्ता समिति गठनका लागि आम भेलाको सूचना कम्तिमा ७ दिनको समय राखी वडाका सम्पूर्ण सरोकारवलालाई जानकारी हुने गरी टाँस/ प्रकाशन गर्नुपर्ने ।
२. आम भेलामा भंगहा नगरपालिकाको प्रतिनिधि र सम्बन्धित वडा सचिवको अनिवार्य उपस्थिति गराईनु पर्ने ।
३. नगरपालिकाबाट प्रतिनिधि/ सम्बन्धित वडा सचिव माग गर्दा भेला हुने समय, मिति र स्थान तोकी ३ दिन अगावै अनुरोध गर्नुपर्ने ।
४. आम भेलाको रंगिन फोटो
५. उपभोक्ता समितिको गठनको माईन्यूट
६. उपभोक्ता समितिको खाता संचालन/अनुगमन समिति गठनको माईन्यूट
७. योजना संचालन हुने स्थानको स्पष्ट फोटो
८. पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि
९. उपभोक्ता समिति ७ जना, ९ जना, ११ जना मध्ये ३३ प्रतिशत महिला, अध्यक्ष सचिव र कोषाध्यक्ष मध्ये १ महिला, ३ जना खाता संचालन मध्ये १ महिला, अनुगमन समितिमा १ महिला भएको कागजात
१०. भंगहा नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यबिधि , २०७५ अनुसूची १ बमोजिम पदाधिकारीको विवरण
११. एक घर परिवारको एक मात्र उपभोक्ता समितिको सदस्य बन्न पाउने र १८ वर्ष पुरा गरेको हुनुपर्नेछ ।
१२. राजनैतिक दलका पदाधिकारी, जनप्रतिनिधि, राष्ट्र सेवक कर्मचारी, शिक्षक लगायत नेपाल सरकारको कोषबाट तलब भत्ता वा कुनै सुविधा प्राप्त व्यक्ति सदस्य नरहने व्यवस्था भएकोले अनिवार्य रुपमा यो बुँदामा ध्यान दिनुपर्ने ।

विजय कुमार यादव
योजना अधिकृत